बैठक संख्या : २३८    मिति : २०७९/०३/१५, बुधबार    समय : बिहान ११:०० बजे

<u>निर्णय</u>

सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा माननीय गृह मन्त्रीले उक्त विधेयक संसदमा ल्याउनु पर्नाको कारण, आवश्यकता र औचित्यताका सम्बन्धमा सरकारको धारणा राख्नुभयो । त्यसैगरी उक्त विधेयकमाथि संशोधन प्रस्ताव पेश गर्नुहुने माननीय सदस्यहरुले संशोधन पेश गर्नु पर्नाको कारण बारे आ-आफ्ना धारणा राख्नुभयो । बैठकमा समितिका माननीय सदस्यहरुले यस विधेयकका सम्बन्धमा जिज्ञासा एवम् धारणा समेत व्यक्त गर्नुभयो । संशोधनकर्ता तथा समितिका माननीय सदस्यहरुले व्यक्त गर्नुभएका जिज्ञासा एवम् धारणाका सम्बन्धमा गृह मन्त्री, गृह सचिव तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिवबाट सम्बोधन गरिएको थियो । समितिको अर्को बैठक मिति २०७९ असार १७ गते शुक्रबार, बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।